**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❏ वर्ष २७ ❏ अङ्क १२४ ❏ श्रेणी क्षेत्रीय 'क' ❏ २०८३ जेठ ६ गते बुधबार ❏ 20 May 2026 ❏ पृष्ठ ४ ❏ मूल्य रू. ५।–


## ३३औं प्रधानन्यायाधीशमा डा शर्मा नियुक्त

**पोखरापत्र संवाददाता**
पोखरा, ५ जेठ



राष्ट्रपति रामचन्द्र पौडलले नेपालको ३३औं प्रधानन्यायाधीशमा सर्वोच्च अदालतका न्यायाधीश डा मनोजकुमार शर्मालाई नियुक्त गर्नुभएको छ।

नवनियुक्त प्रधानन्यायाधीश डा शर्मालाई मंगलबार संसदीय सुनुवाइ समितिले अनुमोदन गरेको थियो। संवैधानिक परिषद्को सिफारिसमा संसदीय सुनुवाइ समितिले अनुमोदन गरेपछि राष्ट्रपतिले नियुक्त गर्ने संवैधानिक व्यवस्था रहेको छ। राष्ट्रपति रामचन्द्र पौडलले नवनियुक्त प्रधानन्यायाधीश डा मनोजकुमार शर्मालाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभएको छ। राष्ट्रपति भवन शीतल निवासमा साँझ आयोजित एक समारोहमा राष्ट्रपति पौडेलले उहाँलाई पद तथा गोपनीयताको शपथ गराउनुभएको हो। प्रधानन्यायाधीश शर्माको शपथ ग्रहण समारोहमा उपराष्ट्रपति रामसहायप्रसादयादव,प्रधानमन्त्री वालेन्द्र शाह, सभामुख डोलप्रसाद अर्याल, राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहाललगायत उच्च तहका सरकारी अधिकारीहरूको उपस्थिति थियो। नेपालको संविधानको धारा, १२९ को उपधारा, २ बमोजिम संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपति पौडेलले मंगलबार नै शर्मालाई प्रधानन्यायाधीश पदमा नियुक्त गर्नुभएको थियो।

संवैधानिक परिषद्को सिफारिसमा संसदीय सुनुवाइ समितिले अनुमोदन गरेपछि राष्ट्रपतिले प्रधानन्यायाधीशको नियुक्ति गर्ने संवैधानिक व्यवस्था रहेको छ।

## पोखराको तेस्रो तरबुजा मेलामा २० हजार केजी तरबुजा बिक्री

**पोखरापत्र संवाददाता**
पोखरा, ५ जेठ



पोखरा महानगरपालिका वडा नम्बर १३ मा मंगलबार आयोजित तेस्रो "तरबुजा मेला २०८३" मा करिब २० हजार केजी तरबुजा बिक्री हुँदा करिब १० लाख रुपैयाँ बराबरको कारोबार भएको छ।

स्थानीय उत्पादनको प्रवर्द्धन र किसानलाई प्रत्यक्ष बजार उपलब्ध गराउने उद्देश्यले आयोजित मेलामा उपभोक्ताको उल्लेख्य सहभागिता रहेको पोखरा महानगरपालिका आर्थिक विकास महाशाखाका प्रमुख मनहर कडरियाले बताउनु भयो।

पोखरा महानगरपालिकाको आर्थिक विकास महाशाखा र पोखरा वडा नम्बर १३ को आयोजनामा तथा वडा स्तरीय कृषि सञ्जाल पोखरा-१३ को व्यवस्थापनमा सम्पन्न मेलामा प्रतिकिलो ५५ रुपैयाँका दरले तरबुजा बिक्री गरिएको थियो। मेलामा कृषक र उपभोक्ताबीच प्रत्यक्ष किनमेल गराइएको थियो भने सहभागीलाई निःशुल्क रूपमा तरबुजा चखाउने व्यवस्था समेत गरिएको थियो। मेलामा करिब २२ वटा स्टल राखिएका थिए। मेलाको अवसरमा उत्कृष्ट तरबुजा उत्पादक किसानलाई सम्मान समेत गरिएको थियो। ३५ रोपनी क्षेत्रफलमा तरबुजा खेती गर्दै आएका पोखरा-३३ का किसान रमेश आचार्य लाई नगद १० हजार रुपैयाँसहित प्रशंसापत्र प्रदान गरी सम्मान गरिएको थियो। त्यसैगरी २४ रोपनी क्षेत्रफलमा खेती गरेका ज्ञानबहादुर कार्की दोस्रो, पोखरा-२२ का सुन्दर बराल तेस्रो तथा श्रीधरलाल बराल सान्त्वना स्थान हासिल गर्नुभयो।


बाँकी अन्तिम पृष्ठमा ▶▶



**GLOBAL COLLEGIATE SCHOOL**
Ranipauwa, Pokhara

**ADMISSION NOTICE**

Global Collegiate School announces
admission open for class XI in SCIENCE AND MANAGEMENT
for the academic year 2083/2084.

Student selection will be made on the basis of GPA in SEE and interview performance.



**MINIMUM REQUIREMENT**
At least GPA 3.2 for Science and GPA 2.4 for Management in SEE.

To receive application form and for further details, please contact school office between 7am–4pm.


Optional Computer Science is also available for both science and management stream.

Principal
**GLOBAL COLLEGIATE SCHOOL**
Ranipauwa, Pokhara, Ph.: 061-574604, 577813, 585817
Global Collegiate School

पोखरामा सबैभन्दा धेरै र सर्वोत्कृष्ट विद्यार्थीहरुको रोजाइ
**पोखराको शैक्षिक सानः प्रतिभा मा.वि.**

कक्षा ११ मा
**भर्ना खुल्यो !**

+2
- SCIENCE
- MANAGEMENT
- HOTEL MANAGEMENT








आवश्यक कागजातहरुः
- एस.ई.ई. प्रवेश पत्रको प्रतिलिपि
- इन्टरनेट डाउनलोडेड ग्रेडसिट
- २ प्रति पासपोर्ट साइजको फोटो

आवेदन फाराम वितरणः शनिबार, आइतबार र अन्य बिदाका दिनमा समेत बिहान ६ बजेदेखि बेलुका ५ बजेसम्म

भर्ना प्रक्रियाः एस.ई.ई. जि.पि.ए. र अन्तर्वार्तामार्फत



**AAYUSHA DHAKAL**
Rank: 1 (Nepal Topper)
MECEE-BL B.Sc. Nursing 2081
Full Scholarship, MBBS 2081



**AVISHEK NEUPANE**
Rank: 3 (Nepal 3rd)
Full Scholarship
IOE Entrance Exam 2081


प्रतिभामा शैक्षिक सर्वोत्कृष्टताको निरन्तरता !

**10 BOARD TOPPERS WITH GPA 3.96 (NEB 2082)**



Bijaya Sharma GPA: 3.96
Bhisma Regmi GPA: 3.96
Diksha Sunar GPA: 3.96
Pranisha Tulachan GPA: 3.96
Samir Subedi GPA: 3.96
Sima Bhattachan GPA: 3.96
Subrata Bhandari GPA: 3.96
Sudip Subedi GPA: 3.96
Unik Paudel GPA: 3.96
Utsab P. Khatri GPA: 3.96

**5 PRATIVIANS IN THE TOP 100 (MBBS 2082)**



UNIK POUDEL Full Scholarship, Rank 35
BHISMA REGMI Full Scholarship, Rank 38
SAMIR SUBEDI Full Scholarship, Rank 64
DIKSHYA SUNAR Full Scholarship, Rank 88
BINESH TIMSINA Full Scholarship, Rank 94
SAFAL GURUNG Full Scholarship, Rank 385
LAXMI SHARMA Full Scholarship
SANDIP RIJAL Full Scholarship

उत्कृष्टताको परिचायक
**PRATIVA SECONDARY SCHOOL**
+2
- SCIENCE
- MANAGEMENT
- HOTEL MANAGEMENT

qualityaustria SYSTEM CERTIFIED ISO 9001:2015 No.18859/0

Palikhechowk, Pokhara
061-584875, 585371
pratTivahss@gmail.com
www.prativahss.edu.np

9856022205, 9856028477
9856034032, 9856033830
9846051185, 9856024772
9841153929, 9846027107

# 'पोखराको पर्यटन परम्परागत मात्र नभई व्यावसायिक हुनपर्ने'

**पोखरापत्र संवाददाता**
पोखरा, ५ जेठ

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पोखराको पर्यटन परम्परागत मात्र नभई समयसापेक्ष व्यावसायिक हुनुपर्नेमा जोड दिनुभएको छ।

पोखराको छिनेडाँडास्थित नेपालको पहिलो होटल म्यानेजमेन्टकलेज(एनटिएचएमसीमा) आजदेखि आयोजित 'पाँचदिने विशेष 'ट्रेन द ट्रेनर' विषयक पाँचदिने विशेष तालिमको उद्घाटन गर्दै प्रमुख आचार्यले समयसमपेक्ष व्यावसायिक पर्यटनको विकास आवश्यक हुने बताउनुभयो । सैद्धान्तिक ज्ञानसँगै व्यावहारिक ज्ञान र यहाँको भूगोल सुहाउँदो पर्यटनको विकास हुनुपर्नेमा जोड दिँदै उहाँले हाम्रो वास्तविकता, भूगोलसँगै सामाजिक आर्थिक अवस्था समेतलाई आत्मसात् गर्दै यस क्षेत्रको सुधार गर्न सकिने बताउनुभयो।

पोखरा तुलनात्मक रूपमा अन्य क्षेत्रभन्दा न्यानो आतिथ्यताका लागि चिनिने उल्लेख गर्दै प्रमुख आचार्यले यो गरिमालाई जोगाइराख्नु होटल व्यवसायीको मुख्य जिम्मेवारी रहेको स्मरण गराउनुभयो। पोखरालाई प्रकृति, संस्कृति र साहसिक पर्यटनको सङ्गमका रूपमा चिनाउँदै यी तिनै कुरालाई एकसाथ अगाडि बढाउन होटलले आफ्नो भूमिका निर्वाह गर्नुपर्ने उहाँले उल्लेख गर्नुभयो। नेपाल बाहिर विभिन्न देशमा होटल म्यानेजमेन्ट र पर्यटन क्षेत्रमा अध्ययन तथा काम गरिरहेका नेपाली जनशक्ति र पोखराकै कलेजबाट उत्पादित जनशक्तिलाई पोखरामै टिकाइराख्ने वा फर्काउने वातावरण बनाउनुपर्ने प्रमुख आचार्यको भनाइ थियो। नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले पोखरालाई देशकै पर्यटकीय राजधानी घोषणा गरिसकिएका अवस्थामा यहाँका गतिविधि अन्य प्रदेशका लागि उदाहरणीय हुनुपर्ने बताउनुभयो । तालिमका सहभागीले यहाँ सिकेका कुरालाई आ-आफ्ना प्रतिष्ठान र होटलमा व्यावहारिक रूपमा लागू गर्न उहाँले आग्रह गर्नुभयो।

कलेजका अध्यक्ष अशोक पालिखेले पोखराको पर्यटन र हस्पिटालिटी क्षेत्रको गुणस्तर अभिवृद्धिका लागि दक्ष जनशक्ति उत्पादन गर्न कलेजमा 'ट्रेन द ट्रेनर' कार्यक्रमको सुरुआत गरिएको बताउनुभयो । स्वीस कन्ट्याक्ट र प्रसिद्ध होटल म्यानेजमेन्ट कलेज 'एसएचएल लुजानी'सँगको सहकार्यमा कलेजले विशेष तालिम आयोजना गरेको बताउनुभयो। पोखराका पर्यटन क्षेत्रका १५ व्यवस्थापकस्तरका व्यक्तिलाई दिइने तालिममार्फत पर्यटन क्षेत्रका लागि प्रशिक्षक तयार पार्ने उद्देश्य लिइएको.छ। तालिमप्राप्त प्रशिक्षकले आगामी जुलाई महिनामा पोखरा र यस क्षेत्रका होटलमा कार्यरत करिब ५०० कर्मचारीलाई हस्पिटालिटी, फ्रन्ट डेस्कलगायत विभिन्न विधामा विशेष तालिम प्रदान गर्ने आयोजकले जनाएको छ।

कार्यक्रममा प्रिन्सिपल प्रकाश रेग्मीले पोखराको पर्यटन क्षेत्रलाई थप व्यावसायिक र प्रतिस्पर्धी बनाउनका लागि रणनीतिक नेतृत्व र दिगो व्यवस्थापनको आवश्यकता रहेको बताउनुभयो । उहाँले कलेजको २७ वर्षको इतिहासमा यो तालिम एक कोशेढुङ्गा सावित हुने विश्वास व्यक्त गर्नुभयो।

# पोखराबाट भारतसम्म पहिलो सिधा मेडिकल चार्टर उडान

**पोखरापत्र संवाददाता**
पोखरा, ५ जेठ

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट पहिलोपटक भारततर्फ सिधा मेडिकल रेस्क्यू चार्टर उडान भएको छ।

श्री एयरलायन्सको डोमेस्टिक विमानले आज दिउँसो ३:०९ बजे भारतको भोपालस्थित राजा भोज अन्तर्राष्ट्रिय विमानस्थलका लागि उडान भरेको पोखरा अन्तर ष्ट्रिय विमानस्थलकी प्रवक्ता जशोदा सुवेदीले बताउनु भयो।

मुक्तिनाथ तीर्थयात्राका क्रममा गम्भीर बिरामी परेका भारतीय नागरिक शम्भु दयाल श्रीवास्तवलाई थप उपचारका लागि विशेष मेडिकल चार्टरमार्फत भारत पठाइएको उहाँले जनाउनु भयो । "पोखराबाट भारतसम्म डोमेस्टिक विमानमार्फत गरिएको अन्तर्राष्ट्रिय हवाई उडान पहिलोपटक हो," प्रवक्ता सुवेदीले भन्नुभयो। उक्त उडानमा बिरामीसहित दुई चिकित्सक, एक स्टाफ नर्स र अन्य सहयोगी गरी ६ जना यात्रु सवार रहनु भएको थियो । करिब दुई घण्टाको यात्रापछि विमान भोपाल अवतरण गर्ने जनाइएको छ । बिरामीको स्वास्थ्य अवस्थालाई ध्यानमा राख्दै आवश्यक स्वास्थ्य सतर्कता अपनाएर उद्धार उडान गरिएको विमानस्थल कार्यालयले जनाएको छ । पोखरा अन्तर ष्ट्रिय विमानस्थल सञ्चालनमा आएयता विभिन्न चार्टर तथा विशेष उडान भइरहे पनि भारततर्फको सिधा उडान भने पहिलोपटक भएको हो।

नेपालका बुद्ध एयर, यति एयरलायन्स तथा श्री एयरलायन्सजस्ता कम्पनीहरूले डोमेस्टिक विमानमार्फत समेत भारतसम्म अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्न अनुमति पाएका छन्। यस उडानसँगै पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय हवाई सम्पर्क विस्तारको सम्भावना थप बलियो बनेको विश्वास गरिएको छ।

# पोखराको ...

उक्त मेलाको उद्घाटन गर्दै पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य ले पोखराको हावापानी तरबुजा खेतीका लागि उपयुक्त बन्दै गएको बताउँदै यहाँ करिब ९० दिनमै उत्पादन तयार हुने बताउनु भयो । महानगरले किसानलाई आवश्यक प्राविधिक तथा व्यावसायिक सहयोग गर्दै आएको उल्लेख गर्दै उहाँले पोखरामा सरस्वती जातको तरबुजा बढी उत्पादन भएको जनाउनु भयो। पोखराका विभिन्न वडामा करिब ५ सय रोपनी क्षेत्रफलमा व्यावसायिक तरबुजा खेती भइरहेको मेयर आचार्यले दाबी गर्नुभयो। पोखरा-३३ तल्लो भाग, पोखरा-२३ पामे, वडा नम्बर १६, १३, १४ र २६ मा तरबुजा खेती विस्तार हुँदै गएको उहाँले जनाउनु भयो । पोखरा महानगरपालिका आर्थिक विकास महाशाखाका प्रमुख मनहर कडरियाले पोखराका फाँट क्षेत्रसँगै अन्य स्थानमा पनि व्यावसायिक तरबुजा खेती विस्तार भइरहेको बताउनु भयो। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकीकी सचिव डा. प्रेरणा सेडाई ले पोखरामा व्यावसायिक तरबुजा उत्पादन भइरहेको विषय आफूले पहिलो पटक थाहा पाएको बताउँदै मन्त्रालयका तर्फबाट आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। पोखरा वडा नम्बर १३ का वडाध्यक्ष किरण बराल ले कृषकको मेहनत, उत्पादन र बजार प्रवर्द्धनका लागि मेला आयोजना गरिएको बताउनु भयो।

मेलाले किसानबीच अनुभव आदान-प्रदान तथा कृषि उत्पादनबारे जानकारी साटासाट गर्ने अवसर प्रदान गरेको उहाँले उल्लेख गर्नुभयो। मेलाको अवसरमा महिला तथा पुरुष दौड प्रतियोगिता र तरबुजा खाने प्रतियोगिता समेत आयोजना गरिएको थियो। तरबुजा खाने प्रतियोगितामा पोखरा-२३ का गुरुदत्त पराजुली प्रथम, पोखरा-२९ का कुमार थापा मगर द्वितीय तथा पोखरा-३० का सत्यराज भट्टराई तृतीय हुनुभयो।

कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघ का अध्यक्ष गोकर्ण कार्की, पोखरा भ्रमण वर्ष व्यवस्थापन समितिका संयोजक गोपीबहादुर भट्टराई, कृषि सञ्जाल पोखरा-१३ का संयोजक नरेन्द्र अधिकारी लगायतले कृषि उत्पादन प्रवर्द्धन र बजार व्यवस्थापनका विषयमा चर्चा गर्नुभयो । त्यसैगरी "कृषि सवाल" कार्यक्रमको १० औं अंक अन्तर्गत "तरबुजा बहस" पनि आयोजना गरिएको थियो। बहसमा वडा नम्बर १३ का अध्यक्ष किरण बराल, कृषि विकास कार्यालय कास्कीका प्रमुख सुदिप खतिवडा, बागवानी अनुसन्धान केन्द्र मालेपाटनका वैज्ञानिक सन्तोष लोहनी, आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरिया तथा कृषि उद्यमी रोशन बराल सहभागी हुनु भएको थियो । कार्यक्रमको सञ्चालन पत्रकार घनश्याम पाण्डेले गरेको वडा सदस्य सुचित तामाङले बताउनु भयो।

# मोहनविक्रम सिंहलाई 'गोकुल वाङ्मय पुरस्कार'

**पोखरापत्र संवाददाता**
पोखरा, ५ जेठ

गण्डकी साहित्य सङ्गम, पोखराले समाजवादी यथार्थवाद र सामन्तवाद-साम्राज्यवाद विरोधी प्रगतिशील तथा देशभक्त साहित्यिक धारामा साधना गर्ने स्रष्टा-द्रष्टाहरुलाई प्रेरणा, प्रोत्साहन एवं सम्मान गर्न २०५२ सालदेखि राष्ट्रिय तहमा 'गोकुल वाङ्मय पुरस्कार' (रु. ४०,०००।) र क्षेत्रीय तहमा 'गण्डकी वाङ्मय पुरस्कार' (रु. २०,०००।-) एक /एक वर्ष बिराएर प्रदान गर्दै आएको छ।

यसै क्रममा २०८२ सालको गोकुल वाङ्मय पुरस्कार प्रदान गर्न प्रतिभा छनौटका लागि सङ्गमका कार्य समिति सदस्य शोभाकान्त गौडेलको संयोजकत्वमा गठित सल्लाहकार डा. कृष्णराज अधिकारी र



प्रगतिशील साहित्यकार डा. यदुनन्दन उपाध्याय समेत तीन जनाको समितिले सर्वसम्मत सिफारिस गरेअनुरुप करिब ६ दशकदेखि प्रगतिवादी साहित्यका फाँटमा निरन्तर साहित्य साधना गर्दै आएका स्रष्टा एवं द्रष्टा मोहनविक्रम सिंहलाई गोकुल वाङ् मय पुरस्कार प्रदान गर्ने निर्णय गरेको छ। उक्त पुरस्कार ९७ औं गोकुल जयन्तीको अवसर पारेर यही जेठ ९ गते शनिबारका दिन पोखरामा विशेष समारोहका साथ हस्तान्तरण हुनेछ। १९९२ सालमा प्युठानको ओखरबोटमा जन्मेका मोहनविक्रम सिंहका 'प्युठानको किसान समस्या र सङ्घर्ष' (राजनीतिक पुस्तक, २०११), ' इन्क्लाव जिन्दावाद' (कविता सङ्ग्रह, २०१७), 'युग बोल्छ' (गीति नाटक, २०३४), 'विश्व कम्युनिस्ट आन्दोलनको सङ्क्षिप्त इतिहास (२०३८), 'गङ्गा-काबेरी एक्सप्रेस' (लामो कविता, २०४०), ' झिमरुक नदी र चिबे चराको कथा' (खण्डकाव्य, २०४२), ' विचार, विवेचना र विश्लेषण' (समालोचना, २०४२),'आदि विद्रोह' (खण्डकाव्य, २०४२), बाह्र मई (नाटक, २०४६), महिला मुक्तिको महान गाथा (समालोचना, २०४८), ' कामरेड जलजला' (उपन्यास, २०८१) लगायतका पुस्तकहरु प्रकाशित छन् । उक्त गोकुल वाङ्मय पुरस्कारद्वारा यसभन्दा पहिले केवलपुरे किसान-२०५२, खगेन्द्र सङ्ग्रौला-२०५४, गोविन्द भट्ट- २०५६, श्यामप्रसाद शर्मा- २०५८, रमेश विकल-२०६०, निनु चापागाईं-२०६२, मोहन वैद्य (चैतन्य)-२०६४, आनन्ददेव भट्ट-२०६६, घनश्याम ढकाल- २०६८, मोदनाथ प्रश्रित-२०७०, हरिहर खनाल-२०७२, जीवन शर्मा-२०७४, डा. ऋषिराज बराल-२०७८ र ईश्वरचन्द्र ज्ञवाली- २०८० पुरस्कृत भइसकेको जानकारी संस्थाका सचिव नारायण मरासिनीले दिएका छन्।

# सवारीसाधन कारबाहीबाट ४४ लाख बढी राजस्व सङ्कलन

**पोखरापत्र संवाददाता**
पोखरा, ५ जेठ

जिल्ला ट्राफिक कार्यालय, कास्कीले गत वैशाखमा सवार ीसाधन कारबाहीबाट रु ४४ लाख आठ हजार ५०० राजस्व सङ्कलन गरेको छ।

यस अवधिमा पाँच हजार २६३ सवारीसाधनका चालक कारबाहीमा परेका कार्यालयका प्रहरी निरीक्षक सुजितकुमार देवकोटाले जानकारी दिनुभयो।

ट्राफिक नियम उल्लङ्घन गरी सञ्चालन भएका सवारीसाधनका चालकलाई कारबाही गर्ने गरिएको उहाँको भनाइ छ।

वैशाख महिनामा २२ सवारीसाधन दुर्घटनामा परेको कार्यालयले जनाएको छ। दुर्घटनामा परी पाँच जनाको मृत्यु भएको र २६ जना घाइते भएका थिए । बाह्र वटा सवारीसाधन दुर्घटना तीव्र गतिका कारण भएको उहाँको भनाइ छ।

चालकले सवारी चालक अनुमतिपत्र नलिइ चलाएका पाँच र मादक पदार्थ सेवन गरी चलाएका तीन सवारीसाधन दुर्घटना परेको कार्यालयले जनाएको छ। "मादक पदार्थ र लागुपदार्थ सेवन गरी सवारीसधान चलाउने, तीव्र गतिमा सवारीसाधन हाँक्ने चालकलाई लक्षित गरी ट्राफिक जाँच बढाइएको छ", प्रहरी निरीक्षक देवकोटाले भन्नुभयो, "जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक कार्यालयले संयुक्त रुपमा सवारीसाधन जाँच गर्दै आएको छ।" सवारी दुर्घटना न्यूनीकरणसँगै सवारीसाधन जाँचका क्रममा प्रहरी कर्मचारीले नागरिकप्रति गर्नुपर्ने व्यवहार, प्रहरीले अपनाउनुपर्ने सुरक्षा सावधानीलगायत विषयमा नमुना जाँच कार्यक्रमसमेत भइरहेको जिल्ला प्रहरी कार्यालय, कास्कीका प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले बताउनुभयो।

# गण्डकी प्रदेश सभाको अधिवेशन यही जेठ ११ गतेदेखि सुरु हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ५ जेठ

गण्डकी प्रदेश सभाको अधिवेशन यही जेठ ११ गते सोमबारदेखि सुरु हुने भएको छ।

गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टले नेपालको संविधानको धारा १८३ को उपधारा (१०) बमोजिम गण्डकी प्रदेश सभाको अधिवेशन आह्वान गर्नुभएको हो। प्रदेश प्रमुख भट्टद्वारा जारी विज्ञप्तिअनुसार प्रदेश सभाको अधिवेशन जेठ ११ गते सोमबार अपराह्न २:०० बजेबाट सुरु हुने उल्लेख गर्नु भएको छ । प्रदेश प्रमुखको कार्यालयले मंगलबार जारी गरेको विज्ञप्तिमा उक्त अधिवेशन सम्बन्धित सबैको जानकारीका लागि आह्वान गरिएको हो । गण्डकी प्रदेश सरकार तथा प्रदेश सभासँग सम्बन्धित विविध विषयमा छलफल गर्न अधिवेशन बोलाइएको जनाइएको छ।

प्रदेश सरकारले असार १ गते भित्र बजेट ल्याउनु पर्ने कानूनी बाध्यता रहेकोले बजेटका सिद्धान्त र प्रथामिकता ल्याउने गरी प्रदेश सरकारले तयारी गरेको छ।

NOVA
Delightful Bites

## नोभा आइसक्रिमको जनहितमा जारी सन्देश

फिस्टेल डेरि प्रा ली अन्तर्गत उत्पादित 'नोभा' ब्राण्ड विगत १७ वर्षदेखि गुणस्तरीय, सुरक्षित तथा विश्वसनीय दुग्धजन्य उत्पादन उपभोक्तामाझ पुर्याउने प्रतिबद्धतासहित सञ्चालन हुँदै आएको स्वदेशी कम्पनी हो। कम्पनीले नियमित रूपमा नेपाल सरकारलाई कर तिर्दै सयौं नेपालीलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी प्रदान गर्नुका साथै आफ्ना उत्पादनहरू विदेशसम्म निर्यात गर्दै राष्ट्रिय अर्थतन्त्रमा योगदान पुर्याउँदै आएको छ।

हालै खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागद्वारा गरिएको परीक्षणका क्रममा नोभा चकलेट आइसक्रिमको १००० मिलिलिटर प्याक, ब्याच नम्बर CO2 , उत्पादन मिति १९ साउन २०८२ उल्लेख भएको सीमित उत्पादनमा गुणस्तरसँग सम्बन्धित विषय देखिएको जानकारीप्रति हामी गम्भीर र जिम्मेवार छौं।

आइसक्रिम तापक्रमप्रति अत्यन्त संवेदनशील उत्पादन भएकाले उत्पादन, ढुवानी, भण्डारण तथा बिक्री प्रक्रियामा उचित 'कोल्ड चेन' कायम नरहेमा ब्याक्टेरियाको वृद्धि हुनसक्ने सम्भावना रहन्छ। एकपटक पग्लिएको आइसक्रिम पुनः फ्रिज गर्दा ब्याक्टेरियाको वृद्धि रोकिन सक्छ, तर ब्याक्टेरिया पूर्ण रूपमा नष्ट नहुने वैज्ञानिक तथ्यप्रति हामी सचेत छौं।

उक्त विषयलाई मध्यनजर गर्दै सम्बन्धित ब्याचको उत्पादन बजारबाट फिर्ता गर्ने प्रक्रिया अघि बढाइएको छ। साथै, कम्पनीले आन्तरिक गुणस्तर परीक्षण, उत्पादन प्रक्रिया पुनरावलोकन तथा कोल्ड चेन अनुगमनलाई थप कडाइका साथ लागू गरिरहेको जानकारी गराउन चाहन्छौं।

यसैबीच, CO2 ब्याच उत्पादन मिति १९ साउन २०८२ बाहेक नोभाका अन्य उत्पादनहरूमा कुनै गुणस्तरीय समस्या नरहेको जानकारी पनि गराउन चाहन्छौं। उपभोक्ताहरूलाई उत्पादन मिति तथा उपभोग अवधि (Expiry Date) ध्यानपूर्वक जाँच गरी मात्र उत्पादन प्रयोग गर्न अनुरोध गर्दछौं।

हामी उच्चतम गुणस्तर मापदण्ड पालना गर्न प्रतिबद्ध छौं र सम्पूर्ण खुद्रा विक्रेता तथा वितरण साझेदारहरूलाई तापक्रम संवेदनशील उत्पादनहरूको सुरक्षित भण्डारण तथा उचित कोल्ड चेन कायम राख्न विशेष आग्रह गर्दछौं।

उपभोक्ताबाट प्राप्त सुझाव, गुनासा तथा विश्वासलाई हामी उच्च सम्मान गर्दछौं। आगामी दिनमा अझ पारदर्शी, जिम्मेवार तथा उत्तरदायी ढंगले अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछौं।

"तपाईंको विश्वास, हाम्रो जिम्मेवारी।"
फिसटेल डेरी प्रा. लि.
पोखरा औद्योगिक क्षेत्र, पोखरा
Fishtail Dairy Pvt. Ltd.
Embrace the change

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

ऋण लिने दिने मान्छे नै सबैभन्दा दुःखी हुन्छ ।

– थोमस फुलर

## सम्पादकीय

# एमालेमा पूर्व राष्ट्रपति भण्डारीको पुनरागमन

देशको राष्ट्र प्रमुख भएको व्यक्ति पार्टी राजनीतिमा सक्रिय बन्नु अन्तर्राष्ट्रिय प्रचलन हो । नेपालमा २४० वर्षको शाह वंशीय राजतन्त्र अन्त्य गरि गणतन्त्र स्थापना पछि राष्ट्रपतिलाई दलको साँघुरो घेरा भन्दा माथि राख्न खोजियो । राष्ट्रपतिले दल त्याग गर्ने कुरा संविधानमा राखिएको हो । दुई कार्यकाल गरि सात वर्ष राष्ट्र प्रमुख बन्नु भएकी पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी पुन पार्टी राजनीतिमा फर्कने घोषणापछि वितेका एक वर्ष एमालेमा हलचल पैदा गराएको छाबलियो र संगठित एमाले संसदमा कमजोर बनेपछि भण्डारीको एमालेमा पुनरागमन हुने भएको छ । भण्डारीको सदस्यताका विषयमा विभाजित एमालेको सोमबार गुण्डुमा बसेको सचिवालय बैठकले पार्टी सदस्यता नवीकरण गर्ने निर्णय गरेको छा अध्यक्ष ओलीले बैठकमा भण्डारीले सदस्यता नवीकरण गर्ने निवेदन आएको बताएका थिए ।

एमाले सचिवालय बैठकले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको सदस्यता खुला गर्ने निर्णय गरेको छ,'। राष्ट्रपति हुँदा त्यागेको पार्टी सदस्य अहिले त्यही खुला गरि दिएको छ । दुईपटक राष्ट्रप्रमुख भइसकेकी भण्डारी पदबाट बाहिरिएसँगै राजनीतिमा सक्रिय भएकी थिइन् । उनले देशव्यापी अभियान पनि सञ्चालन गरिन् । भण्डारीले यसअघि नै पार्टीको सदस्यता नवीकरण गरेकी थिइन् । तत्कालीन पार्टी संगठन विभाग प्रमुख काशीनाथ अधिकारीले नै भण्डारीको सदस्यता नवीकरण गरिदिएका थिए । तर, त्यो गुपचुप रूपमा भएको नवीकरणलाई पार्टीको केन्द्रीय समितिको बैठकले स्वामित्व लिन नमानेपछि उनको सदस्यता रोकिएको थियो । स्वामित्व लिन नमान्नुको कारण पार्टीमा मात्र नभई नेतृत्वमै इच्छा जाहेर गरेपछि अध्यक्ष ओलीले सदस्यता रोकिदिएका थिए । विद्या भण्डारीले २०८२ साल असार १४ गते जननेता मदन भण्डारीको ७४औं जन्मजयन्तीका अवसरमा आयोजित कार्यक्रमबाट आफू सक्रिय राजनीतिमा फर्केको घोषणा गरेकी थिइन् । भण्डारीको यो घोषणासँगै एमालेभित्र तरंग फैलिएको थियो । यसले गर्दा तेस्रोपटक अध्यक्ष हुने ओलीको चाहनामा ब्रेक लाग्ने आशंकामा विद्या भण्डारीको सदस्यता रोकिएको थियो । २०८२ भदौमा भएको विधान महाधिवेशनमा विधानमा भएको दुई कार्यकालको व्यवस्था र ७० वर्षे उमेरहदको व्यवस्था हटाएर ओलीले तेस्रोपटक अध्यक्ष हुने बाटो खोलेका थिए ।

ओलीको यो कदमलाई उपाध्यक्ष विष्णुप्रसाद पौडेल र महासचिव शंकर पोखरेलको पनि साथ थियो । तत्कालीन वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल लगायतका नेताहरू भने भण्डारीलाई सदस्यता दिनुपर्ने र दुई कार्यकाल तथा ७० वर्षे उमेरहद कायम राख्नुपर्ने पक्षमा थिए । गत वर्ष साउनकै केन्द्रीय समितिको बैठकले भण्डारीको सदस्यता स्वीकृत नगर्ने निर्णय गरेको थियो । त्यसपछि ओली र विद्याबीचको सम्बन्ध 'पानी बाराबार' को अवस्थामा पुगेको जस्तो देखिन्थ्यो । २०८२ मंसिरमा भएको ११औं महाधिवेशनमा विद्या भण्डारीले आफ्नै समूह बनाएर उम्मेदवारसमेत उठाएकी थिइन्, जसको नेतृत्व गरेर ओलीसँग ईश्वर पोखरेल चुनाव लडेका थिए । तत्कालीन एमाले महासचिव मदन भण्डारीको २०५० जेठ ३ मा चितवनको दासढुंगामा भएको रहस्यमय दुर्घटनापछि विद्या भण्डारी सक्रिय राजनीतिमा आएकी हुन् । उनी दुईपटक पार्टीको उपाध्यक्ष पनि भइन् । ओलीकै समूहबाट उनले दुवैपटक उपाध्यक्ष जितेकी थिइन् । उनी २०६६ सालमा माधवकुमार नेपाल नेतृत्वको सरकारमा रक्षामन्त्री बनेकी थिइन् । २०७२ असोजमा राष्ट्रपति हुनुपूर्व उनी एमालेकी उपाध्यक्ष नै थिइन् ।

संवैधानिक व्यवस्थाअनुसार नै राष्ट्रपति भएपछि भण्डारीले एमालेको सदस्यता त्यागेकी हुन् । २०७३ र २०७४ मा गरी दुई कार्यकाल भण्डारी राष्ट्रपति भइन् । २०७९ मा राष्ट्रपतिबाट अवकाश भएपछि नै उनी राजनीतिमा आउने इच्छा जाहेर गरेर अभियानमा सक्रिय भइन् । पार्टीमा अहिलेको जस्तो विषम परिस्थिति नआएको भए विद्याको सदस्यतामा करिब-करिब पूर्णविराम नै लागेको थियो, तर पार्टीमा ठूलो संकट आएपछि पुनः विद्या भण्डारीलाई पार्टीमा भित्र्याइएको छ । नेपाली उखान "--- पनि सकें, दैलो पनि देखें ।" जस्तै एमालेले गरेको छानेतृत्वको गुटबन्दीले गर्दा हरेक मोर्चामा कमजोर बन्दै गएको एमालेलाई पुर्ववत् अवस्थामा पुर्याउन वलात नयाँ नेतृत्व परिवर्तन गरेर संभव छैन । जता सत्ता त्यतै पछि लाग्ने नेता कार्यकर्ता रहेसम्म खासै सुधार हुँदैन । आन्तरिक एकता, पार्टीको लोकतान्त्रीकरण र जनकार्य गर्ने कार्यकर्ता पङ्तिलाई समेटेर लाने सामुहिक नेतृत्व प्रणाली अहिलेको आवश्यकता हो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : मानसिक तनाब |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बड्ने |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# तनहुँको देवघाट वन डढेलोको उच्च जोखिममा

**पोखरापत्र संवाददाता**
तनहूँ, ५ जेठ

तनहुँ जिल्लाका १० स्थानीय तहमध्ये डढेलोका हिसाबले देवघाट गाउँपालिका सबैभन्दा बढी जोखिममा रहेको पाइएको छ। डिभिजन वन कार्यालयका अनुसार पछिल्लो एक दशकको तथ्याङ्कले देवघाटलाई सबैभन्दा संवेदनशील क्षेत्रका रूपमा देखाएको हो ।

डिभिजन वन कार्यालयका प्रमुख मनोज रानाभाटका अनुसार देवघाट गाउँपालिकामा पछिल्ला १० वर्षमा ४६ पटक वन डढेलो लागेको छ। यो जिल्लाकै सबैभन्दा उच्च हो । उहाँका अनुसार अन्य स्थानीय तहमा पनि डढेलोका घटना देखिए तापनि देवघाटमा यसको आवृत्ति अत्यधिक रहेको छ।

व्यास नगरपालिकामा ३४, भानुमा २१, आँबुखैरेनी गाउँपालिकामा २६, ऋषिङमा २ ९, बन्दीपुरमा १६, घिरिङमा १५, म्याग्दे गाउँपालिकामा १२, शुक्लागण्डकी नगरपालिकामा आठ र भिमाद नगरपालिकामा छपटक डढेलोका घटना भएका छन् । डढेलोका कारण वन क्षेत्रमात्र नभई जैविक विविधता, वातावरणीय सन्तुलन तथा स्थानीय समुदायको जीविकोपार्जनमा समेत प्रत्यक्ष असर पर्ने गरेको छ। वनमा लाग्ने आगोले जडीबुटी, वन्यजन्तु, वनस्पति तथा माटोको उर्वराशक्ति नष्ट गर्ने खतरा बढाउँदै लगेको रानाभाटले बताउनुभयो। डिभिजन वन कार्यालयका अनुसार गत आर्थिक वर्ष २०८१/८२ मा तनहुँका ८४ वटा सामुदायिक वनमा डढेलो लागेको थियो, जसबाट ६६२.५ हेक्टर वन क्षेत्र प्रभावित भएको थियो ।

त्यस्तै, आव २०८०/८१ मा ७१ वटा सामुदायिक वनमा डढेलो लाग्दा १३२२.८ हेक्टर वन क्षेत्र क्षतिग्रस्त भएको थियो। वन डढेलो न्यूनीकरणका लागि कार्यालयले जनचेतनामूलक कार्यक्रम, सामुदायिक वन उपभोक्ता समूहसँग समन्वय, निगरानी टोली परिचालन तथा पूर्वतयारीका विभिन्न उपायहरू अपनाउँदै आएको जनाएको छ । तर, सुक्खा मौसम, मानवीय लापरवाही र पर्याप्त स्रोत-साधनको अभावका कारण चुनौती कायम रहेको प्रमुख रानाभाटले बताउनुभयो ।

उहाँले वन डढेलो नियन्त्रणका लागि स्थानीय तह, सुरक्षाकर्मी, सामुदायिक वन उपभोक्ता समूह तथा सर्वसाधारणको सहकार्य अपरिहार्य रहेको उल्लेख गर्दै सचेतना र सतर्कता बढाउन आग्रह गर्नुभयो । रानाभाटका अनुसार चरिणका लागि आगो लगाउने प्रवृत्ति ३० प्रतिशत, चुरोट पिउनेहरूबाट १५ प्रतिशत, सिकारीबाट सात प्रतिशत, वनभोज क्याम्पफाइरिङबाट सात प्रतिशत, बच्चाहरूबाट खेल्दा छ प्रतिशत, अवैध काठ कटान गर्नेहरूबाट पाँच प्रतिशत, अतिक्रमणकारीबाट पाँच प्रतिशत, खोरिया फडानीबाट पाँच प्रतिशत, गोल पोल्नेबाट चार प्रतिशत, जडीबुटी सङ्कलकबाट तीन प्रतिशत डढेलो लाग्ने गरेको छ।

# बिहेभोजको खर्च कटाएर टोलमा सडकबत्ती जडान

**पोखरापत्र संवाददाता**
म्याग्दी, ५ जेठ

यहाँको मङ्गला गाउँपालिका-२ कोत्रवाङका एक दम्पतीले बिहेभोजमा हुने खर्च कटाएर आफ्नो टोलमा सडकबत्ती जडान गरेका छन् ।

हालै विवाहबन्धनमा बाँधिएका कोत्रवाङका प्रकाश खत्री र राधिका धिताल खत्रीले व्यक्तिगत लगानीमा सडकबत्ती जडान गर्नुभएको हो । सडकबत्ती जडान भएपछि रातको समयमा उज्यालो हुँदा हिँडडुल गर्न सहज, सुरक्षित महसुस र चितुवालगायत वन्यजन्तुको आवतजावत घटेको कोत्रवाङ टोल सुधार संस्थाका अध्यक्ष पूर्णबहादुर विश्वकर्माले जानकारी दिनुभयो । "नवदम्पतीलाई टोल सुधार समिति र स्थानीय बिहानी आमा समूहले सडकबत्तीको आवश्यकता दर्शाएका थियौँ", उहाँले भन्नुभयो, "हाम्रो प्रस्ताव स्वीकार गरी प्रकाश र राधिकाले १४ वटा ३० वाट र तीनवटा ५० वाट क्षमताको सडकबत्ती, तारलगायत सबै सामग्री व्यक्तिगत खर्चमा उपलब्ध गराउनुभयो ।" मङ्गला गाउँपालिकाले बिजुलीको पोलबाहेकका ठाउँमा सडकबत्ती राख्न तीनवटा पोल उपलब्ध गराएको छ ।

टोल सुधार समितिका अध्यक्ष विश्वकर्माले दुई दिन लगाएर बत्ती जडान गर्नुभएको हो । सिम, कोत्रवाङ, कुहुँ जाने सडक र काफलचौरको झोलुङ्गे पुलसम्म बत्ती जडान गरिएको छ । रात परेपछि बल्ने र उज्यालोमा निभ्ने स्वचालित सडकबत्ती जडान गरिएको हो । यसअघि रातको समयमा चितुवा बस्तीमा पस्ने गरेको थियो । झलमल्ल भएपछि चितुवा बस्ती पस्न डराएको र स्थानीयवासी ढुक्क भएको टोल सुधार समितिका अध्यक्ष विकले बताउनुभयो । कोत्रवाङमा २२ घरपरिवारको बसोबास छ । प्रकाशका बुबा चित्रबहादुर र दाजु विकास खत्रीले यसअघि कोत्रवाङ हुँदै ताराखेत जोड्ने पदमार्ग निर्माण गर्नुभएको थियो ।

हाल प्रकाश र उहाँकी पत्नीले जडान गर्नुभएको सडकबत्तीले पनि वस्तीमा सुविधा पुगेको छ ।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १४ गस्ती टोल नदी कटान नियन्त्रण तथा खानेपानी योजना १४ मा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : गस्तीटोल नदी कटान नियन्त्रण तथा खानेपानी योजना १४
उपभोक्ता समितिको नाम : गस्तीटोल नदी कटान नियन्त्रण तथा खानेपानी योजना १४
उपभोक्ता समितिको अध्यक्षको नामः मिमु शेर्पा
सम्पर्क नं : ९८०२८५१५००
जम्मा सदस्य संख्या : ७
महिला सदस्य संख्या : २
योजना सम्झौता मिति : २०८२/११/१९
योजना सुरु मिति : २०८२/११/२३
योजना सम्पन्न हुने मिति : २०८३/०३/१५
सम्पन्न भएको मितिः २०८३/०२/०४
महानगरपालिकाबाट : रु. २२,५०,०००/-
जनसहभागिता : रु. २,७१,०८९/४४
योजनाको कुल लागत : रु. २५,२१,०८९/४४


# जोखिम मोलेर मह सिकार

**राम थापा**
गण्डकी, ५ जेठ/रासस



वैशाख-जेठ भिरमौरीको मह सिकारका लागि उत्तम याम मानिन्छ। यतिबेला गण्डकी प्रदेशका पहाडी जिल्लामा मह सिकार भइरहेको छ।

अक्करे भिरमा जोखिम मोलेर सिकारीहरू भिरमौरीको मह सिकार गर्न व्यस्त छन् । मह काढ्ने पितापुर्खाको सीपलाई उनीहरूले जीवन्त तुल्याएका छन् । पछिल्लो सयम मह सिकार पर्यटनको पनि हस्सा बन्न थालेको छ । साहसिक मह सिकार हेर्न मानिसहरू लालयित हुने गरेका छन् ।

पर्यटक आकर्षित गर्न कतिपय ठाउँमा मह सिकार महोत्सव नै आयोजना गर्ने गरिएको छ । बागलुङको गलकोट नगरपालिका-१० पाण्डवखानीको रमुवामा गत शनिबारदेखि मह सिकार सुरु भएको स्थानीय सरस्वती युवा क्लबका अध्यक्ष यम बुढाले बताउनुभयो । क्लबको आयोजनामा सोमबार मह सिकार उत्सव गरिएको उहाँको भनाइ छ । मह सिकार अवलोकनमा ठूलो सङ्ख्यामा मानिसहरू रमुवा पुगेका थिए । गण्डकी प्रदेशसभा सदस्य दोर्णकुमार कुँवरसहित विशिष्ट पाहुना मह सिकार उत्सवमा सहभागी भएको अध्यक्ष बुढाले बताउनुभयो । "आउँदो बिहीबारसम्म रमुवामा मह सिकार हुन्छ, यस याममा एक हजार ५ ०० देखि दुई हजार लिटरसम्म मह सिकार हुने अनुमान गरिएको छ", अध्यक्ष बुढाले भन्नुभयो, "मह सिकार उत्सवले यसको महत्त्व झनै बढेर गएको छ, मह सिकार हेर्न र महको स्वाद लिन मानिसहरूको भीड लाग्ने गरेको छ ।" क्लबले मह सिकारबाट भएको आम्दानी सामाजिक काममा खर्च गर्दै आएको छ । महको आम्दानी स्थानीयवासीले पनि बाँडफाँट गर्ने गरेका छन् । भिरमौरीको मह प्रतिकिलो रु दुई हजारमा बिक्री हुँदै आएको अध्यक्ष बुढाले बताउनुभयो । मह सिकार उत्सवमा खेल र सांस्कृतिक गतिविधि पनि जोडिएको थियो ।

रमुवाका भिरमा प्रशस्त भिरमौरी पाइने गलकोट-१० का पूर्ववडाध्यक्ष तिलक घर्तीले बताउनुभयो । स्थानीयवासीले पुस्तौँदेखि मह सिकार गर्दै आएको उहाँको भनाइ छ । रैथाने र सीप प्रविधिलाई अपनाउँदै भिमकाय भिरमा मह सिकार गरिने भएकाले मानिसहरू त्यसको अवलोकनका लागि आकर्षित भएको उहाँले बताउनुभयो । पछिल्लो समय मह सिकारलाई उत्सवका रुपमा लिन थालिएको छ । मह सिकारलाई साहसिक पर्यटनसँग जोड्न सकेमा ग्रामीण पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने देखिन्छ।

क्लबले वडा कार्यालयसँगको सहकार्यमा बर्सेनि मह सिकार उत्सव आयोजना गर्दै आएको हो । बागलुङको ताराखोला गाउँपालिका-५ स्थित जुल्फे सामुदायिक वनको मारोभिरमा पनि सोमबारदेखि मह सिकार सुरु भएको छ । सोमबार झन्डै ६० लिटर मह सिकार गरिएको वन उपभोक्ता समितिका सचिव नारायण घर्तीले बताउनुभयो । सोही वडाको ठूलोभिर सामुदायिक वनमा केही दिनपछि मह सिकार गरिने उहाँको भनाइ छ। "यसपालि हिउँदमा वर्षा धेरै भएकाले मह कम उत्पादन भएको छ", सचिव घर्तीले भन्नुभयो, "वर्षा हुँदा मौरी चर्न जान पाउँदैन, आफैँले बनाएको मह खाएर बस्छ।" लामो खडेरी पर्दा भिरमौरीको मह बढी उत्पादन हुने गरेको उहाँको भनाइ छ । भिरमौरीको मह सिकार गर्नु आफैँमा जोखिमयुक्त काम भएको उहाँले बताउनुभयो । सिकारीहरूले पराङ, सुथरी, दाबिलो, साज, जाबो, डालीलगायत सामग्री जोरजाम पारेपछि मह सिकारका लागि भिरमा जाने गर्छन् । सिकार गर्नुअघि पितृ र प्रकृतिलाई पुकार्ने चलन छ । सिकारका बेला कुनै अप्रिय घटना नहोस् भनेर कामना गरिन्छ । सिकारमा १५ देखि २० जनाको समूह हुन्छ। भिरको टुप्पोमा पुगेपछि सुरु हुन्छ मह सिकार । टोली नेताले सिकारको नेतृत्व सम्हाल्छन् । मुख्य सिकारीलाई 'भिरौटे' भनिन्छ । जो पराङमा झुन्डिएर मह काढ्न भिर छिचोल्छन्।ज्यानकै बाजी उठाएर मह काढ्छन् । पहाडी भेगका भिमकाय भिर र पहरामा बर्सेनि गाउँलेहरू यसरी मह सिकारमा रमाउँछन्। पुस्तैनी सीप र परम्परालाई पछ्याउँदै उनीहरूले मह सिकारको चलन धानिरहेका छन् । बाउबाजेले सिकाएको मह सिकारको ज्ञान र सिपलाई पछ्याउँदै आएको सचिव घर्तीले बताउनुभयो। हरेक वर्ष यही याममा ताराखोलामा भिरमौरीको मह सिकार हुँदै आएको छ। ताराखोला-५ को ठूलो भिर र मारो भिरमा धेरै मात्रामा भिरमौरी पाइन्छ । कुनै वर्षमा दुई याममा मह पाइने भएपनि प्रायः वर्षको एकपटक मात्र मह काढ्न मिल्ने स्थानीयवासी बताउँछन् । मह सिकार जोखिमपूर्ण हुने हुँदा जो कसैले सजिलै महको सिकार गर्न सक्दैनन् । दक्ष र अनुभवीहरूमात्र मह सिकारमा जान्छन् । साहससँगै सीप र कौशल भएकालाई मात्र सिकारमा पठाउने गरिन्छ । पराङमा झुन्डिएर मह काढ्नुपर्ने भएकाले मौरीले आक्रमण गर्ने जोखिम पनि उत्तिकै हुन्छ।

मह सिकारका लागि चाहिने अधिकांश सामग्री लेकाली चोयाँबाट बनाउने गरिन्छ । चोयाँ र काठबाट बनेको पराङ (भर्याङ) मह सिकारका लागि चाहिने मुख्य सामग्री हो । त्यसकै सहायतामा सिकारीहरू भिरमा पुग्छन् । सुथरी (डोरी), चाका झिक्ने साज, मह राख्ने डाली पनि निगालोको चोयाँबाट बनाउने गरिएको सचिव घर्तीले बताउनुभयो।

"पराङलाई रुख र रुख नभएको ठाउँमा ठूलो ढुङ्गामा बाँधेर भिरमा खसालिन्छ, त्यसबाटै सिकारी मौरीको घारनजिक पुग्छन्", उहाँले भन्नुभयो, "निगालोको टुप्पोमा हँसिया बाँधेर साज बनाइन्छ, त्यसैले काटेर महको चाका घारबाट छुट्याइन्छ र तलपट्टि डालीमा थापिन्छ ।" मौरीको टोकाइबाट बच्न जाबोले मुहार छोप्ने गरिएको उहाँको भनाइ छ।

मह निकालेपछि सिकारमा संलग्न र अरू सहभागीलाई बाँड्ने प्रचलन छ । धेरै मात्रामा मह निस्केमा बाहिर बिक्रीसमेत गर्ने गरिएको छ। संस्कृति र परम्पराका रूपमा घरगाउँमा भिरमौरीको मह सिकार हुँदै आए पनि अब यसलाई व्यावसायिक बनाउनुपर्ने खाँचो देखिन्छ । औषधिजन्य गुण र स्वास्थ्यबर्द्धक मानिने हुँदा उपभोक्ताले पनि खोजीखोजी भिरमह प्रयोग गर्छन् । कास्की, म्याग्दी, लमजुङलगायत जिल्लाका पहाडी भेगमा पनि भिरमौरीको मह सिकार गर्ने गरिएको छ।

# कोरलानाकामा थप 'बिटिएस' सञ्चार उपकरण जडान

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ५ जेठ

यहाँको नेपाल-चीन उत्तरी कोरलानाका दशगजा क्षेत्रमा माइक्रोवेब बिटिएस टावरका लागि थप उपकरण जडान गरिएको छ । लोमान्थाङ गाउँपालिकाको समन्वयमा नेपाल टेलिकम प्रादेशिक निर्देशनालय पोखरा र नेपाल टेलिकम जोमसोम कार्यालयको टोलीद्वारा शनिबार कोरलानाकामा थप सञ्चार उपकरण जडान गरिएको जनाएको छ।

कोरलानाकामा तीन वर्षअघि नेपाल टेलिकम जोमसोमले सञ्चारको पहुँच स्थापित गर्न माइक्रोवेब रेडियो लिङ्कको बिटिएस टावर जडान गरेको थियो । कोरलानाकामा त्रिपाल टाँगेर व्यापार गरी बस्ने व्यवसायी र अवलोकनका लागि जाने पर्यटकको सहजताका लागि सञ्चारको पहुँच स्थापित गरिएको थियो ।

कोरलानाकामा सञ्चारको पहुँच स्थापना गरिएको भए पनि माइक्रोवेब रेडियो लिङ्कका लागि उपकरण क्षमता कम हुँदा सञ्चार सुविधा भरपर्दो बन्न सकेको थिएन । नेपाल विद्युत प्राधिकरणले विद्युत् पोल विस्तार गरिसकेको भए पनि प्रसारण लाइन सञ्चालनमा आएको छैन। नाकामा विद्युतीय सेवा नहुँदाको विकल्पमा सौर्य ऊर्जाको सहायताबाट टावर सञ्चालन गरिएको थियो ।

जोमसोमस्थित टेलिकम कार्यालयका प्रमुख हुमबहादुर भुजेलका अनुसार कोरलानाकामा देखिएको टेलिफोन र इन्टरनेट समस्या समाधान गर्न सौर्य ऊर्जाको बिटिएस टावर क्षमता वृद्धि गर्न ब्याट्री र सोलार प्यानलको क्षमता दोब्बर पारिएको छ । कोरलानाकामा खटिएका प्राविधिकसहितको टोलीले यहाँ रहेको माइक्रोवेब रेडियो लिङ्कको बिटिएस टावरलाई सहज रूपमा सञ्चालन गर्न तथा टुजी र फोरजी बिटिएस टावरको ब्याट्री ब्याकअफ र सोलार प्यानलको सङ्ख्या बढाइएको प्रमुख भुजेलको भनाइ छ । उहाँका अनुसार बिटिएस टावरका लागि २० वटा सोलार प्यानल र १५० एम्पियरको तीनवटा ब्याट्री ब्याकअफ थप गरिएको हो ।

लोमान्थाङ गाउँपालिका अध्यक्ष टसीनर्बु गुरुङले बिटिएस टावरको क्षमता बढाइपछि २४सै घण्टा मोबाइल नेटवर्क र इन्टरनेटको सुविधा राम्रो भएको बताउनुभयो । कोरलानाका टुजी र फोरजीसहितको मोबाइल नेटवर्कमा सुधार गरिएसँगै व्यापारी तथा पर्यटकलाई सहज भएको छ ।

# ट्राउट फार्मबाटै जीवन धान्दै, पर्यटक तान्दै गुरुङ दाजुभाइ

**हरिप्रसाद बाँस्तोला**
पोखरा, ५ जेठ/रासस

कास्कीको माछापुच्छे गाउँपालिका-३ भुर्जुङखोलास्थित मुलखेत कुनैबेला हिलो र झाडीले भरिएको थियो । धानबालीसमेत खासै फस्टाउँदैनथ्यो । तर हिजोआज त्यही ठाउँ प्रकृतिसँग रमाउँदै ट्राउट माछाको स्वाद लिने आकर्षक पर्यटकीय गन्तव्य बनेको छ ।

'ज्ञान र सीप सिकेर स्वदेशमै फर्क साथी, त्यही सीपले देश उठाउनुछ माथि' भन्ने सन्देशमूलक सोचका साथ २०६७ सालमा जापान र बेलायतको सेवासुविधा त्यागेर स्वदेश फर्कनुभएका दुई दाजुभाइले सुरु गर्नुभएको 'गण्डकी ट्राउट फार्म' पछिल्लो समय मनग्य आम्दानी र रोजगार सृजनाको आधार बनेको हो । भारतीय सेनाबाट अवकाशप्राप्त भई लामो समय जापान बस्दै आउनुभएका कास्की रिभानका अमृत गुरुङ र धान्द्रुकमा जन्मी हङ्कङ, बेलायतको व्यापार व्यवसाय त्यागेर नेपाल फर्कनुभएका लच्छीन गुरुङले सो फार्म सुरु गर्नुभएको थियो । उहाँहरूबीच एउटा साझा सोच मिल्यो, 'विदेशमा सिकेको ज्ञान र सीपलाई स्वदेशमै उपयोग गर्ने ।'

आफ्नै गाउँठाउँमा केही नयाँ व्यवसाय गर्ने अठोटका साथ नेपाल फर्किनु भएका उहाँहरूले पोखरा र आसपासमा ट्राउट माछापालनको सम्भावना खोज्नुभयो । अन्ततः माछापुच्छे-३ स्थित मूलको



चिसो पानी र न्यूनतम १६ र अधिकतम १८ डिग्री सेल्सियस तापक्रम भएको स्थान ट्राउट माछाका लागि उपयुक्त देखेपछि २२ रोपनी जग्गा खरिद गरेर व्यवसाय सुरु गर्नुभएको थियो । दुईवटा पोखरीबाट सुरु गरिएको गण्डकी ट्राउट फार्म आज विस्तार हुँदै ६० वटा पोखरीसम्म पुगेका छन् । तत्कालीन गण्डकी अञ्चलमै पहिलोपटक सुरु गरिएको यो ट्राउट फार्म अहिले सफल उदाहरणका रूपमा स्थापित भएको छ । यो प्रयास अहिले सबैका लागि उदाहरणीय बनेको छ । विदेशमा अवसर खोज्ने युवाका लागि यो त झनै फार्मले प्रेरणा दिएको छ । विशेषगरी ट्राउट माछा ओमेगा-३ पोषकतत्वले भरिपूर्ण हुन्छ, जसमा नरम काँडा भएका कारण ज्येष्ठ नागरिक र बालबालिकालाई पनि खान सजिलो हुनुका साथै जुन स्वास्थ्यका लागि लाभदायक मानिन्छ । यही कारणले गर्दा यो ट्राउट फार्म पछिल्लो समय पोखरा आउने आन्तरिक तथा बाह्य पर्यटकको प्रमुख गन्तव्य बन्ने गरेको छ । दैनिक चार सय बढी पाहुना यहाँ आउने गर्छन् । शनिबार भने यो सङ्ख्या एक हजार ५०० नाघ्ने गरेको सञ्चालक लच्छीन गुरुङ बताउनु हुन्छ । फार्ममा एक केजी माछा पकाएको एक हजार ७०० लिने गरेको उहाँले बताउनुभयो । गुरुङले भन्नुभयो, "रेष्टुरेन्टसँगै आरामदायी कटेज पनि व्यवस्था गरिएको छ । रातमा बस्ने पाहुना थपिए भने पालको समेत व्यवस्था गरिन्छ, जसले पर्यटक थप आकर्षित हुने गरेका छन् ।" वार्षिक तीन करोड रुपैयाँबराबरको २५ टन माछा उत्पादन हुने गरेको उहाँले बताउनुभयो । उमेरले ६६ वर्षीय लच्छीन भन्नुहुन्छ, "फार्ममा अहिलेसम्म सात करोड लगानी भइसकेको छ । चौबीस जनाले दैनिक र १० जनाले अप्रत्यक्ष रूपमा रोजगार प्राप्त गरेका छन् ।" माग अत्यधिक भएपछि आफ्नै उत्पादनले मात्र अपुग हुने हुँदा आसपासका अन्य फार्मबाट पनि माछा खरिद गर्ने गरेको उहाँको भनाइ छ । यसबाहेक भुरा उत्पादनका लागि धान्द्रुकमा २५ लाख रुपैयाँ लगानीमा भुरा उत्पादनका लागि ह्याचरी निर्माण गरी सञ्चालनमा ल्याइएको छ । अमृत भने ६५ वर्षको हुनुभयो । उहाँहरूको यो व्यवसायलाई निरन्तरता दिन परिवारको पूर्ण सहयोग रहेको अमृतले बताउनुभयो । उहाँका अनुसार नेपाल सरकार र विभिन्न स्वदेशी तथा विदेशी सङ्घसंस्थाबाट पनि राम्रो सहयोग मिलेको छ ।

पोखरा आउने दुई प्रतिशत पर्यटक सो क्षेत्रमा पुर्‍याउन सकेमात्र पनि पर्यटकको एक दिनको बसाइ लम्ब्याउन र थप रोजगार सृजना गर्न सकिने उहाँले बताउनुभयो । सो स्थानसम्म पुग्न पोखरा पुरानो बजार महेन्द्रपुलबाट नदीपुर, बगर, लामाचौर अकला, पुरन्चौर हुँदै लगभग १७ किलोमिटर दूरी छ । प्रकृतिसँग रमाउँदै स्वादिलो ट्राउट माछा चाख्न पाइने यो स्थान अहिले केवल व्यवसायमात्र होइन, आत्मनिर्भरता र प्रेरणाको केन्द्र बनेको सो फार्ममा पुग्ने जोकोही बताउँछन् । यहाँ परम्परागत लिङ्गे, चारपिर्के पिङ, पौडीपोखरीलगायत मनोरञ्जनका सामग्री पनि राखिएका छन् । जसका कारण टिकटकलगायत सामाजिक सञ्जालमा रमाउनेहरू पनि यहाँ आउने गर्छन् ।

# 'रेडपाण्डा'को अवस्था पहिचान गर्न 'क्यामेरा ट्र्यापिङ'

**पोखरापत्र संवाददाता**
म्याग्दी, ५ जेठ



सङ्कटापन्न जनावर रेडपाण्डा (हाब्रे)को अवस्था पहिचान गर्न म्याग्दीको धौलागिरि गाउँपालिकामा पर्ने जलजला र ढोरपाटन शिकार आरक्ष क्षेत्रमा क्यामेरा जडान गरिएको छ ।

दातृ निकाय टोलेडोजुको सहयोगमा जैविक विविधता संरक्षण समाज नेपाल (वायोकस) नेपालले रेडपाण्डाको बसोबास भएको धौलागिरि गाउँपालिका २ र ३ मा पर्ने जलजला, मुना, मरेनी र ढोरपाटन शिकार आरक्ष क्षेत्रमा 'क्यामेरा ट्र्यापिङ' विधिबाट हाब्रेको अवस्था पहिचान गर्न थालिएको हो । बोयोकस नेपालका कार्यक्रम अधिकृत पवन राईले हाब्रेको आवतजावत हुने सम्भावित र दिसा भेटिएका ठाउँमा १२ वटा स्वचालित क्यामेरा जडान गरिएको जानकारी दिनुभयो । "क्यामेरामा कैद हुने दृष्यको आधारमा रेडपाण्डाको अनुमानित सङ्ख्या पहिचान गर्न सहयोग पुग्नेछ", उहाँले भन्नुभयो, "यस क्षेत्रमा हाब्रेको पेट र आन्द्रामा हुने परजीवि (किरा/जुका)को अवस्थाका विषयमा पनि अध्ययन भइरहेको छ ।" हाब्रेको स्वास्थ्य अवस्थाको बारेमा जानकारी लिने र संरक्षणमा सहयोग गर्ने उद्देश्यले हाब्रेको दिसाको परीक्षण गरि अध्ययन गर्न प्राविधिक टोली परिचालन भएको छ ।

समुद्री सतहबाट दुई हजार २०० देखि चार हजार ५०० मिटरको उचाइमा बसोबास गर्ने रेडपाण्डालाई सरकारले सङ्कटापन्न वन्यजन्तुको सूचीमा राखेको छ । यसअघि जलजलामा तीन वटा क्यामेरा जडान गरिएकोमा दुई वटामा रेडपाण्डा भेटिएको कार्यक्रम अधिकृत राइले बताउनुभयो । सो क्षेत्रमा छवटादेखि २५ वटासम्म रेडपाण्डाको बसोबास भएको उहाँले बताउनुभयो । स्थानीयवासीले विसं २०८० को असोजमा ढोरपाटन शिकार आरक्षको गुर्जाघाट, २०८१ को मङ्सिर र २०८३ वैशाख ३१ गते मुनाको दहपातल सामुदायिक वनको बञ्चरेडाँडा क्षेत्रमा हाब्रे भेटिएको तस्विर भिडियो सार्वजनिक गरेका थिए । विसं २०७३ मा विश्व वन्यजन्तु कोषको र हरियो वन कार्यक्रमको आर्थिक सहयोगमार्फत रेडपाण्डा नेटवर्क र हिमाली संरक्षण मञ्चले जलजला क्षेत्रमा पर्ने मरेनीमा रेडपाण्डाको दिसा भेट्टाएका थिए । रातका समयमा रूखको टोड्कामा बास लिने र दिउँसोमा रूखका हाँगा बसी आराम गर्ने रेडपाण्डा भोक लागेको बेला निगालोको टुसालगायत झारपात खान भुइँमा झर्छ । रेडपाण्डाका लागि आवश्यक आहारा निगालो तथा पालिङ्गो र टोट्का परेका रुख गूर्जा, लुलाङ र मुनाको जङ्गलमा पर्याप्त छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गत रेडपाण्डालाई संरक्षितको सूचीमा राखिएको हो । रेडपाण्डाको चोरी सिकारमा संलग्नलाई एक वर्षदेखि १० वर्ष कैद र रु एक लाखदेखि रु पाँच लाखसम्म जरिवाना वा दुवै सजाय हुने कानुनी व्यवस्था छ । पछिल्लो अध्ययनअनुसार हाब्रेको सङ्ख्या नेपालमा ५०० देखि एक हजार वटा रहेको अनुमान गरिएको छ । विश्वमा नेपाल, चिन, भारत, भुटान र म्यानमारमा मात्र हाब्रेको वासस्थान छ । नेपालमा एलुरेन्स फ्युजन्स जातको हाब्रे रहेको छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १९, घार्मी मैदान हुदै पल्लाथोक जोड्ने सडक निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः घार्मी मैदान हुदै पल्लाथोक जोड्ने सडक
ठेगानाः पोखरा-१९
योजना सुरु हुने मितिः २०८२/१०/०५ गते
योजना सम्पन्न हुने मितिः २०८३/०२/१५ गते
योजना सम्पन्न भएको मितिः २०८३/०२/०१ गते
योजनाको कुल लागतः रु. १६,६७,१६६.७६
महानगरपालिकाबाटः रु. १५,००,०००।-
जनसहभागिताबाटः रु. १,६७,१६६.७६
उपभोक्ता समिति अध्यक्षः धनपती पौडेल
सम्पर्क नं.: ९८५६०६५८९०
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः २ पुरुषः ५ जना

**घार्मी मैदान हुदै पल्लाथोक जोड्ने सडक उपभोक्ता समिति पोखरा-१९**


# देवघाटमा पशुपक्षी तथा मत्स्य उत्पादन प्रवर्द्धन गरिँदै

**पोखरापत्र संवाददाता**
दमौली, ५ जेठ

देवघाट क्षेत्रमा दूध उत्पादन वृद्धि तथा पशुपालनलाई व्यावसायिक र आधुनिक बनाउने उद्देश्यले 'कालीगण्डकी करिडोर केन्द्रित पशुपक्षी तथा मत्स्य उत्पादन प्रवर्द्धन कार्यक्रम' सञ्चालन गरिएको छ । भेटेरीनरी अस्पताल तथा पशुसेवा कार्यालय तनहुँले चालु आर्थिक वर्षमा २० लाख रुपैयाँ बराबरका विभिन्न कार्यक्रम सञ्चालन गरेको हो ।

कार्यालयको ९० प्रतिशत तथा गोहीटार कृषि सहकारी संस्था, देवघाटको १० प्रतिशत साझेदारीमा सञ्चालन गरिएको उक्त कार्यक्रमले स्थानीय कृषकमा उत्साह थपेको छ । कार्यक्रममार्फत पशुपालनलाई व्यवस्थित, उत्पादनमुखी र व्यवसायिक बनाउने लक्ष्य लिइएको कार्यालयका प्राविधिक रुद्रसिंह ठकुरीले जानकारी दिनुभयो । कार्यक्रमअन्तर्गत सहकारीमार्फत तीन वटा ठूला नयाँ गोठ निर्माण गरिएको छ भने चार वटा साना नयाँ गोठ निर्माण गरिएका छन् । यसैगरी, १९ वटा पुराना गोठ मर्मत गरी सुधार गरिएको छ । गोठ सुधारसँगै पशुपालनका लागि आवश्यक वातावरण निर्माण हुँदा कृषकलाई सहज भएको बताइएको छ । व्यावसायिक गाईभैंसी पालनसम्बन्धी तालिम सञ्चालन गरी कृषकलाई आधुनिक पशुपालन, पशुको आहार व्यवस्थापन, रोग नियन्त्रण तथा स्वच्छ दूध उत्पादनबारे व्यावहारिक ज्ञान प्रदान गरिएको ठकुरीले जानकारी दिनुभयो ।

पशु स्वास्थ्यलाई प्राथमिकता दिँदै सञ्चालन गरिएको स्वास्थ्य शिविरमार्फत गाईभैंसीका लागि आवश्यक भिटामिन, मिनरल तथा जुकाको औषधि वितरण गरिएको उहाँले उल्लेख गर्नुभयो । नियमित स्वास्थ्य परीक्षण र औषधि वितरणले पशुमा रोगको जोखिम कम हुनुका साथै उत्पादन क्षमतामा वृद्धि हुने विश्वास गरिएको छ । दुग्ध व्यवसायलाई थप व्यवस्थित बनाउन सहकारीमा आबद्ध दुग्ध व्यवसायी तथा गाईभैंसी पालक कृषकलाई ७० वटा 'स्टेनलेस स्टिल'का दूध बोक्ने क्यान वितरण गरिएको छ भने गाईभैंसीलाई आरामदायी राख्नका लागि विशेष म्याटसमेत उपलब्ध गराइएको छ ।

ठकुरीले कार्यक्रमले कृषकमा व्यावसायिक पशुपालनप्रति आकर्षण बढाएको बताउनुभयो । उहाँका अनुसार गोठ निर्माण, तालिम, पशु स्वास्थ्य सेवा तथा आवश्यक सामग्री वितरणले दूध उत्पादनमा सकारात्मक प्रभाव देखिन थालेको छ । "कृषकलाई आधुनिक प्रविधिसहित व्यावसायिक पशुपालनतर्फ लैजान कार्यक्रम निकै प्रभावकारी बनेको छ", उहाँले भन्नुभयो, "स्वच्छ दूध उत्पादन र पशुको स्वास्थ्य सुधारमा कार्यक्रमले महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।"

# दामोदरकुण्ड र गुरुङसाङ्वो पदमार्गमा झोलुङ्गे पुल निर्माण हुने

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ५ जेठ

लोघेकर दामोदरकुण्ड गाउँपालिकामा अवस्थित प्रसिद्ध धार्मिक तीर्थस्थल दामोदरकुण्ड र थासाङ गाउँपालिकामा अवस्थित गुरुसाङ्वो गुफा जाने पदमार्गमा दुई वटा झोलुङ्गे पुल निर्माण गरिने भएको छ ।

अर्थ मन्त्रालयले यहाँका दुई धार्मिक स्थल पुग्ने पदमार्गका लागि बहुर्षीय योजनाका रुपमा बजेटको स्रोत सहमति गरेसँगै उक्त स्थानमा झोलुङ्गे पुल निर्माण हुने पक्का भएको हो । समुन्द्री सतहको चार हजार ८८० मिटरको उच्च उचाइमा अवस्थित प्रसिद्ध धार्मिक दामोदरकुण्ड जाने पदमार्गअन्तर्गत भर्सा खोलामा झोलुङ्गे पुल निर्माण गर्नका लागि अर्थ मन्त्रालयले रु १८ करोड ५३ लाख बढी स्रोत सहमति सुनिश्चित गरेको संस्पेस्सन ब्रिज डिभिजन कार्यालयका इन्जिनियर गोपालबहादुर थापाले जानकारी दिनुभयो । उहाँले चालु वर्षमा ठेक्का प्रक्रियाको काम अघि बढाइने बताउनुभयो । उहाँका अनुसार थासाङ गाउँपालिका-२ को गुरुसाङ्वो गुफा जाने नारिकोट-गुरुसाङ्वो झोलुङ्गे पुलका लागि पनि अर्थ मन्त्रालयबाट रु ६ करोड एक लाख स्रोत सहमति भएको छ । सस्पेन्स डिभिजन कार्यालयका प्राविधिक इन्जिनियरसहितको टोली पुलको सर्वे गर्न उक्त स्थानमा पुगेको थियो । टोलीले गत वर्ष नै उक्त स्थानमा ४६० मिटर लम्बाइको झोलुङ्गे पुल निर्माण आवश्यकतासहित डिपिआर सर्वे प्रक्रिया सम्पन्न गरेको थियो । धार्मिक तीर्थस्थल दामोदरकुण्ड जाने पदमार्गको भर्सा खोलामा पुल निर्माणका लागि अघिल्लो सरकारले तीन करोड बजेट स्रोत सुनिश्चित गरेको थियो । कठिन भूगोलको चुनौतीपूर्ण यात्राको दूरी छोट्याउन तथा पदयात्रीको पैदलयात्रालाई सहज झोलुङ्गे पुल निर्माणले सहयोग पुग्ने लोघेकर दामोदरकुण्ड गाउँपालिका अध्यक्ष लोप्साङछोम्फेल विष्टले उल्लेख गर्नुभयो । उहाँका अनुसार भर्सा खोलामा झोलुङ्गे पुल निर्माण भएमा नौ घण्टाको दूरी पाँच घण्टामै पूरा गर्न सकिने छ । यसैगरी, गुरु पद्मसम्भवले ध्यानसाधना गरेको गुरुसाङ्वो गुफा जाने पदमार्गअन्तर्गत नाउरिकोट–गुरुसाङ्वो झोलुङ्गे पुल निर्माणका लागि पनि अर्थ मन्त्रालयबाट बहुवर्षीय स्रोत सहमति भएको छ । नारिकोट–गुरुसाङ्वो गुफा जाने पदमार्गमा करिब ३७० मिटर लामो झोलुङ्गे पुल निर्माण गर्न गत वर्ष डिपिआर सर्वे सम्पन्न गरिएको थियो । उक्त स्थानमा झोलुङ्गे पुल निर्माण भएमा करिब एक घण्टा बढीको ठाडो पैदल दूरी र आधा घण्टामा पूरा गर्न सकिने छ ।


## मादी सिति जलविद्युत आयोजना, ११९ मे. वा. को वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशन मितिः २०८३/०२/०६)

श्री विद्युत विकास विभागद्वारा गण्डकी प्रदेश अन्तर्गत कास्की जिल्लाको मादी गाउँपालिका, पोखरा महानगरपालिका रूपा गाउँपालिका र लमजुङ जिल्लाको मध्यनेपाल नगरपालिका तथा क्व्होलासोथार गाउँपालिकामा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावको नाम र ठेगाना | नाम : विद्युत विकास विभाग<br>ठेगाना : सानोगौचरण, काठमाडौं, नेपाल ।<br>फोन नंः ०१४५३४११९, ०१४५४५५९१<br>फ्याक्स नं : ४४३५९०३<br>ईमेलः info@doed.gov.np |
| प्रस्तावको व्यहोरा | श्री विद्युत विकास विभागद्वारा प्रस्तावक रहेको मादी सिति जलविद्युत आयोजना, ११९ मे.वा., कास्की जिल्लाको मादी गाउँपालिका वडा नं. ८, ९, १०, ११, १२, पोखरा महानगरपालिका वडा नं. २८ र ३१, रूपा गाउँपालिका वडा नं. १, ६ र ७, लमजुङ जिल्लाको मध्यनेपाल नगरपालिका वडा नं. ७ र ८ तथा क्व्होलासोथार गाउँपालिका वडा नं. ७ र ९ मा प्रस्ताव गरिएको छ ।<br>प्रस्तावित आयोजना जलाशययुक्त प्रकृतिको रहेको छ । प्रस्तावित आयोजनाको ग्रस हेड १५०.९७ मिटर, नेट हेड १४६.०८ मिटर रहेको छ र डिजाइन डिस्चार्ज ९४ घनमिटर प्रति सेकेण्ड रहेको छ । आयोजनाका मुख्य अवयवहरुमा जलाशय, ड्याम, डाइभर्जन टनेल, स्पीलवे, पावर इन्टेक, पावर टनेल, पेनस्टक, विद्युतगृह तथा टेलरेस पर्दछन् । यस आयोजनाको लागि ४५७ मि. लामो Horse-shoe tunnel प्रकारको पावर टनेल प्रस्ताव गरिएको छ र ३२३ मि. लामो पेनस्टक प्रस्ताव गरिएको छ । साथै, सतही प्रकारको विद्युतगृहको लम्बाइ ६५ मि., चौडाइ २२.९७ र उचाइ २७ मि. रहनेछ ।<br>उक्त आयोजना कार्यान्वयन गर्नुपूर्व वातावरणीय संरक्षण नियमावली, २०७७ अन्तर्गत अनुसूची १२ (नियम-७ को उपनियम (२) बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको लागि यो सूचना प्रकाशित गरिएको छ । |
| प्रभाव पर्ने सक्ने जिल्ला/म.न.पा./न.पा./गा.पा. | कास्की जिल्ला (मादी गाउँपालिका वडा नं. ८, ९, १०, ११, १२, पोखरा महानगरपालिका वडा नं. २८ र ३१, रूपा गाउँपालिका वडा नं. १, ६ र ७)<br>लमजुङ जिल्ला (मध्यनेपाल नगरपालिका वडा नं. ७ र ८ तथा क्व्होलासोथार गाउँपालिका वडा नं. ७ र ९) |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी एकिन गर्न सो स्थानको म.न.पा./न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नाम : विद्युत विकास विभाग<br>ठेगाना : सानोगौचरण, काठमाडौं, नेपाल ।<br>फोन नंः ०१४५३४११९, ०१४५४५५९१, ९८०११०५९८०<br>फ्याक्स नं : ४४३५९०३<br>ईमेलः info@doed.gov.np |